वालिङ नगरपालिकाको २० औं  नगरपरिषद् आज मिति २०७३।९।१८ गतेका दिन यस वालिङ नगरपालिकाका प्रमुख एंव कार्यकारी अधिकृत श्री रुद्रलाल भुसाल ज्यूको अध्यक्षतामा बसी तपसिल बमोजिमको उपस्थितिमा निम्न अनुसारको निर्णय गरियो ।

***<u>तपसिल</u>***

| **क.स.** | **पद** | **दस्तखत** |
|---|---|---|
| १. | प्रमुख एवं कार्यकारी अधिकृत श्री रुद्रलाल भुसाल | उपस्थित |
| **आमन्तीत्रः** | | |
| २. | नेपाली काग्रेस पार्टी प्रतिनिधि श्री दिलिप प्रताप खांण | उपस्थित |
| ३. | नु.क.पा. एमाले पार्टी प्रतिनिधि श्री शोभकान्त पौडेल | उपस्थित |
| ४. | ने.का.पा माओवादी केन्द्र पार्टी प्रतिनिधि श्री नित्यान्नद तिवारी | उपस्थित |
| ५. | रा.प्र.पा. पार्टी प्तिनिधि श्री लालचन्द्र गैह्रे | उपस्थित |
| ६. | राष्ट्रिय जनमोर्चा पार्टी प्रतिनिधि श्री ................... | |
| ७. | ने.क. पा. संयुक्त पार्टी प्रतिनिधि श्री संजय श्रेष्ठ | उपस्थित |
| ८. | ने.क.पा. माक्सवादी पार्टी प्रतिनिधि श्री डोलराज वि.क. | उपस्थित |
| ९. | ने.क.पा. माओवादी पार्टी प्रतिनिधि श्री धन प्रसाद सुवेदी | उपस्थित |
| १०. | नयां शक्ती पार्टी प्रतिनिधि श्री दिपा भुसाल | उपस्थित |
| शाखा प्रमुखहरुः | | |
| प्राविधिक शाखा प्रमुख इन्जिनियर श्री रोशन के.सी. | | उपस्थित |
| प्रशासन शाखा प्रमुख श्री पदमप्रसाद पाण्डे | | ,, |
| योजना शाखा प्रमुख सव.ई. श्री मणिप्रसाद तिवारी | | ,, |
| आर्थिक प्रशासन शाखा प्रमुख श्री कृष्णप्रसाद डुम्रे | | ,, |
| जिन्सी शाखा श्री ईश्वरीप्रसाद तिवारी | | ,, |

**निर्णय नं. १**

यस वालिङ नगरपालिकाको २० औं नगरपरिषद्का लागी राजश्व परामर्श र एकिकृत योजना तर्जुमा समितिको बैठकबाट पेश भएका सुझाव सहित आ.व. २०७४/०७५ को नीति तथा कार्यक्रम वोर्ड बैठकबाट सिफारिस भै आए बमोजिम स्वीकृत गर्ने निर्णय गरियो

**निर्णय नं. २**

राजश्व परामर्श समितिको बैठकबाट सिफारिस सहित पेश हुन आएको आ.व. २०७४/०७५ को रु. १४,४०,७९,६०७।० (अक्षेरुपी चौध करोड चालिस लाख उनान्असी हजार छ सय सात) रुपैया को अनुमानीत आय स्वीकृत गर्ने निर्णय गरियो । साथै आन्तरीक राजश्व प्रतिवेदन, राजश्व प्रक्षेपण एवं राजश्व सम्भाव्यता अध्ययन प्रतिवेदन समेत पारित गरियो । (**अनुसूची १ संलग्न छ**) ।

**निर्णय नं. ३**

यस नगरपालिकाको आ.व. २०७४/०७५ को नीति तथा कार्यक्रम बमोजिम एकीकृत योजना तर्जुमा समितिको बैठकबाट सिफारिस भई पेश भएका आयोजना तथा कार्यक्रमहरु कार्यान्वयन गर्न रु.१४,४०,७९,६०७।० (अक्षेरुपी चौध करोड चालिस लाख उनान्असी हजार छ सय सात) रुपैया को अनुमानित व्यय स्वीकृत गर्ने निर्णय गरियो (**अनुसूची २ संलग्न छ**) ।

**निर्णय नं. ४**

यस वालिङ नगरपालिकाको आ.व. २०७२/०७३ को धरौटी आम्दानी रु.१९,६५,७२५।३० अल्या रु. २६,०८०९७।० सहितको जम्मा रु. ४५,७३,८२२।३० गतवर्षको कार्यक्रम मौज्दात न.पा.कोषको रु.७९,८५,३७२।५९ वालवालिकाहरुको पोषण भत्ता रु. ५,१६०००।०, प्रकोप खाता आम्दानी मौज्दात रु.४९,१४,३३४।० योजना मर्मत संभारकोष आम्दानी र अल्या सहित १८०४२६३।० नेपाल सरकारको प्रशासनिक अनुदान चालुतर्फ आन्तरीक श्रोत तर्फको आय स्थानीय शासन तथा सामुदायीक विकास कार्यक्रम (LGCDP) कार्यक्रम अनुदान, दलित बालवालिका पोषण भत्ता सहित चालु तर्फको रु. १,६४,९८३०२।५१ पूजिगत कार्यक्रम निर्शत, शर्सत सहितको रु. ४,६६,२३,६१५।० लागत सहभागीता स्वरुप उ.स.बाट नगदै प्राप्त रु. १,२०,१०,०००।० सिमलचौपारी उ.स.बा फिर्ता ८०,०००।० कन्टेन्जेन्सी रु. ९,५१,२६२।३० एकीकृत सम्पत्तिकर पूजिगत रु.१०,४१,८०९।४० सहित जम्मा रु. ९,६९,९८,७८१।१० प्राप्ती भएको र खर्च तर्फ चालु स्थानीय शासन तथा सामुदायीक विकास कार्यक्रम (LGCDP) अर्न्तगतको रकम राजश्व जम्मा सहित चालु तर्फ भुक्तानी रु. १,८२,९३,७३२।४२ पूजिगत खर्च राजश्व जम्मा सहितको रु.६,६१,६७,४३०।६२ भुकम्पको राहत रकम जिल्ला प्रशासन कार्यालय स्याङजामा फिर्ता रु. २८,६१,०००।० न्यानोकपडा राहत भुकम्प पिडितलँइ वितरण रु.१,८०,०००।० असाध्यरोग उपचार सहयोग (क्यान्सर रोग उपचार सहयोग) प्रकोप खाताबाट उपलब्ध गराईएको) रु. ३५,०००।० योजना मर्मत संभार खर्च रु.५९,८३१।० धरौटी फिर्ता रु.१७,४३,२६०।० सहितको जम्मा भुत्तानी रु.८,९३,४०,२५४।०४ भई मौज्दात न.पा.कोष (कार्यक्रम मौज्दात) मौज्दात रु.१२,४५,१९८।७६ प्रकोप खाता मौज्दात रु.१८,३८,३३४।० मर्मत संभारकोष रु.१७,४४,३४२।० धरौटी मौज्दात

रु.२८,३०,५६२।३० गरि जम्मा मौज्दात रु.७६,५८,५२७०६ रहेको आय व्याय यथार्थ विवरण अनुमोदन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ५**

पोखरा ७ कास्की निवासी लेखापरीक्षक प्रमाण पत्र नं. ४११९ सदस्यता नं ७४४४ वर्ग ग का वाई एन लामिछाने एण्ड एसोशिएटस प्रो. याम नारायण लामिछानेले यस वालिङ नगरापलिकाको आर्थिक वर्ष २०७२/०७३ को लेखापरिक्षण कार्य सम्पन्न गरि पेश गर्नु भएको प्रतिवेदन उपर यस परिषद्मा पेश भई छलफल हुदा लेखापरिक्षण प्रतिवेदनमा लेखिएका पुराना पेश्की वेरुजु नियमानुसार फछ्र्यौट, समपरिक्षण गराउन आवश्यक कारवाहीका लागी नगरपालिका वोर्डलाई अधिकार प्रत्यायोजन गर्दै यस लेखापरिक्षण प्रतिवेदन पारित गरियो ।

**निर्णय नं.६**

यस वालिङ नगरपालिकाको आ.व. २०७३/०७४ को लेखापरिक्षण गर्न लेखापरिक्षकको छनौट तथा सहमतिमा पारिश्रमिक तोक्ने समेतका लागी नगरपालिका वोर्डलाई अधिकार प्रत्यायोजन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ७**

यस वालिङ नगरपालिकाको वोर्ड बैठकबाट आ.व. २०७३/०७४ को संशोधित अनुमानित बजेट रु.१३,७८,४४,७८१।६० रेहको स्वीकृतका लागी यस परिषद्मा पेश हुदा पेश भए बमोजिममो संशोधित बजेट (आय-व्यय) अनुमोदन सहित पारित गरियो ।

**निर्णय नं. ८**

नगरपालिका वोर्ड, प्रमुख तथा कारीकारी अधिकृत, जाचपास तथा फरफारक अनुगमन समिति, वडा स्तरीय आयोजना तथा कार्यक्रममा वडा नागरीक मन्चका संयोजकत्वमा भएको अनुगमन समितिबाट भएको अनुगमन विभिन्न विषयगत उप समिति, समितिले विभिन्न मितिमा गरेका निर्णयहरु अनुमोदन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ९**

यस वालिङ नगरपालिकाको विगतको परिषद्बाट स्वीकृत भएको संलग्न संगठन तालिका र दरबन्दी तेरिजलाई सोही अनुसार रहने गरि अनुमोदन गरि नगरपालिकाको स्रोत र साधनलाई मध्यनजर गर्दै पदपूर्ति समितिका सुझाव तथा सुधार कार्यका लागि नगरपालिका वोर्डलाई अधिकार प्रत्यायोजन गर्ने निर्णय गरियो ।

**निर्णय नं. १०**

आ.व. २०७४/०७५ को लागी शुल्क, दस्तुर एकिकृत सम्पत्तिकर समेतको राजश्व सम्बन्धमा राजश्व परामर्श समितिले गत वर्षको दररेटमा नबढने गरि पेश गरेको दररेट सहितको प्रतिवेदनलाई स्वीकृत गरि प्रतिवेदनको बुदा नं. ७ को क र ख को सम्बन्धमा “क.” मा वालिङ उद्योग वाणिज्यसंघको आयोजनामा हुने वालिङ महोत्सवमा वालिङ उद्योग वाणिज्यसंघबाट विक्रि हुने प्रति रसिद रु.१।० (

अक्षेरुपी एक) कादरले सरसफाई शुल्क लिने र नगरपालिकाको सरसफाई केन्द्रमा प्रवेश शुल्क संस्थागत कार्यालय, नगरपालिकाहरुबाट रु.१२००।० गै.स.स. संस्थागतहरुबाट रु.८००।० व्यत्तिगत समुगतहरुबाट रु.५००।० व्यक्तिगत रु.५०।० कादरले लिने तर विद्यार्थीहरुको अध्ययनकोहकमा निःशुल्क प्रवेश) २०७३ साल माघ १ गते देखि लागु हुने गरि स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं. ११**

कुनै पनि कार्यक्रम संचालनका लागी यस नगरपालिकालाई आवश्यक परेका खण्डमा ऋण लिने र कुनै कार्यक्रममममा शेयर लगानि गर्न नगरपालिका वोर्डलाई अधिकार प्रत्यायोजन गर्ने निर्णय गरियो ।

**निर्णय नं. १२**

वडामा संचालन हुने प्रवद्धनात्मक कार्यक्रम तथा योजनाहरु सम्पन्न भए पछि योजना अनुगमन जाचपास तथा फरफारकको सम्बन्धमा वडा नागरीक मञ्चका संयोजकत्वमा ५ सदस्य समिति गठन गरि कार्य गर्न नगरपालिका वोर्डलाई अधिकार प्रत्यायोजन गर्ने निर्णय गरियो

**निर्णय नं. १३**

यस नगरपालिकाको लागि नगरपालिकाले करार सेवामा नियुक्ति गरेका कार्यालय सहयोगी विद्युत मिस्त्री, कुचिकारहरुको करार सेवा अवधि एक वर्ष थप गरेकोमा सो अनुमोदन गरियो साथै करार सेवा थप गर्ने अधिकार नगरपालिका वोर्डलाई प्रत्यायोजन गर्ने निर्णय गरियो । र स्वय सेविका स्वास्थ्यक्षेत्रमा काम गर्ने हरुले प्राप्त गर्दै आएको मासिक भत्ता रु.३००।० मा रु. २००।०बृद्धि गरी मासिक भत्ता रु.५००।० कादरले उपलक्ध गराउने निर्णय गरियो ।

**निर्णय नं. १४**

यस नगरपालिकाको संचालनमा, स्थानीय स्वायत्त शासन ऐन नियम प्रचलित ऐन र नियम, कार्यविधि समेतमा नवाभ्mीने गरी ऐन नियम र कार्यविधिले दिएको क्षेत्रभित्र रहि हाल सम्म बनाईएका विनियमावलीहरु अनुमोदन गर्दै नयां विनियमावली बनाउन तथा बनेका विनियमावलीहरु संशोधन गर्न परेको खण्डमा अगामी नगरपरिषद्बाट अनुमोदन हुने गरि बनाउन नगरपालिका वोर्डलाई अधिकार प्रत्यायोजन गर्न निर्णय गरियो ।

**निर्णय नं. १५**

यस नगरापलिकाको पुराना पेश्की वेरुजु फछ्र्यौट तथा असूली सम्बन्धमा छलफल हुदा पुराना पेश्की वेरुजु नियमानुसार फछ्र्यौट गरी सुन्य गराइने नीति लिन आवश्यक कारवाहीका लागि नगरपालिका वोर्डलाई अधिकार प्रत्यायोजन गर्ने निर्णय गरियो ।

**निर्णय नं. १६**

यस वालिङ नगरपालिकाको हाल भईरहेको लेखापरिक्षण लाई प्रोदभावी लेखाप्रणली (Accural Account System) मा राख्ने लेखा प्रतिवेदन आम्दानी खर्च Income and Experditure) र वासलात (Balance sheet) को आधारमा राख्ने सो लेखा संचालनका लागि (Software) कार्यक्रम गर्न श्री संघिय मामिला तथा स्थानीय विकास मन्त्रालयमा माग गर्ने साथै आ.व.को

२०७२/०७३ को यस नगरपालिकाले तयार गरेको Balance sheet मा रहेको जग्गा भवन फर्निचर मेशीनरी औजार सवारी साधन, पेश्की वेरुजु सार्वजनीक सम्पत्ति (योजनाहरु) मौज्दात सहित कुल रु.५८,८४,४१,७०५।०२ को लेखापरिक्षणबाट पेश भएको Balance सहितको प्रतिवेदन स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं. १७**

प्रवद्धनात्मक (वडा स्तरीय योजना तथा कार्यक्रम) कार्यक्रमबाट प्रतिवडा रु. ३ लाखका दरले वडा नागरीक मञ्चको सिफारिसमा विनियोजन गर्ने गरि स्वीकृत भएको सम्बन्धमा नेपाल सरकारबाट आगामी वर्षको बजेट सिलिङमा केही बृद्धि भई प्राप्त भए अनुसार प्रति वडामा थप रु.२ लाख सहित ५ लाखबाट न्यूनतम १ लाखमा नघटने गरी ३ वटा योजना तथा कार्यक्रम र २ लाखबाट ५० हजारमा नघटने गरी ४ वटा योजना तथा कार्यक्रम विनियोजन गर्न र साथै अख्तियारी सिलिङ घटेमा थप योजनामा तथा कार्यक्रममा नै घटने गरि कार्यान्वयन गरि गर्न सिफारिस गर्न नगरपालिका वोर्डलाई अधिकार प्रत्यायोजन गर्ने निर्णय गरियो ।

**निर्णय नं. १८**

आ.व. २०७४/०७५ का लागि स्वीकृत गरिएको अनुमानीत बजेटबाट संचालन गरिने कार्यक्रम तथा योजनाहरुको सम्बन्धमा आवश्यककता अनुसार उपलब्ध हुन सक्ने स्रोत साधनलाई मध्यनजर गर्दै केही संशोधन तथा फेर बदल गर्नु परेमा फेरबदल तथा संशोधन गर्न नगरपालिका वोर्डलाई अधिकार प्रत्यायोजन गर्ने निर्णय गरियो ।

**निर्णय नं. १९**

नगरपालिकामा अयोजना तथा पूर्वाधार विकासको लागि एक जे.सी.भी. (JCV) को आवश्यकता भएको तर नगरपालिकाले आफ्नो स्रोत तथा नेपाल सकरारबाट प्राप्त हुने निर्शत अनुदानबाट खरिद गर्न नसक्ने हुदा (१) एक JCV खरिद गर्न अनुदान वा JCV माग गर्न श्री संघिय मामिला तथा स्थानीय विकास मन्त्रालय तथा अन्य सम्बन्धित निकायमा माग गर्ने निर्णय गरियो ।

**निर्णय नं. २०**

पर्यटकीय स्थलको रुपमा रहेको गह्रौ सुर, वाहुनथान, थामको चौर, सेरुङगा, थामडाडा, करमभज्याङ, घ्वाङखोलालाई भ्यू प्वाईन्ट निर्माण गरि पर्यटकीय स्थलको रुपमा विकास गर्न सम्बन्धीत निकायमा योजना माग गर्ने निर्णय गरियो

**निर्णय नं. २१**

वालिङ नगरपालिकाको समन्वयमा यस नगरपालिका क्षेत्र भित्र निम्न लिखित पूर्वाधार यूक्त योजनाहरु स्थापित गर्न सम्बन्धित निकायमा योजना माग गर्न जिल्ला तथा केन्द्रमा पहुच स्थापित गरि आ-आफ्ना क्षेत्रबाट पहल गर्ने र वालिङलाई व्यवस्थित शहर (स्मार्ट सिटी) को रुपमा स्थापित गर्न आवश्यक व्यवस्थाको लागि नगरपालिका वोर्डलाई अधिकार प्रत्यायोजन गर्ने निर्णय गरियो

१) शसस्त्र प्रहरी तालिम वेस क्याम्पलाई जग्गा प्राप्त गरी सो को लागी स्थायी संरचना निर्माण गर्ने ।

२) खेलमैदानको जग्गा प्राप्ती र रङ्गशाला निर्माण गर्ने ।

३) पूर्वाधारयुक्त अस्पतालको निर्माण गर्ने ।

४) ईलाका प्रशासन, मालपोत र नापी कार्यालयका स्थायी संरचना भवन निर्माण सम्पन्न गर्ने ।

५) व्यवस्थित बसपार्क सहित त्यसका लागी पूर्वाधार यूक्त योजना सम्पन्न गर्ने ।

६) गह्रौकालिका केबुलकार निर्माणका लागी पहललका साथै यसैसंग आसपासका सम्भावित पर्यटन क्षेत्रको विकास योजना वनाउने ।

७) सरसफाई (फोहर मैला) व्यवस्थापनका लागी दिर्घकालीन स्थानको विकास गर्ने ।

८) विभिन्न उद्यान/पार्क / पुस्तकालय निर्माण गर्ने ।

९) व्यवस्थित शहर निर्माणका लागी शहरी क्षेत्र बाहिर ग्रामणि क्षेत्रलाई समेत समेटेर रिङरोड निर्माण गर्ने ।

१०) पशु वधशाला निर्माण र कृषि उपज बजार व्यवस्थापन केन्द्र ( Cold Store) सहित निर्माण गर्ने ।

११) वालिङलाई उच्च तथा प्राविधिक शिक्षा केन्द्रको रुपमा विकास गर्ने ।

१२) डिभिजन सडक कार्यालय पूनस्थापना, आन्तरीक राजश्व कार्यालय, यातायात व्यवस्था कार्यालय, मत्स्य विकास कार्यालय, वागवानी विकास केन्द्र आदी जस्ता कार्यालयहरुको स्थापनामा जोड दिने ।

१३) वालिङलाई Free wifi zone स्थापित गरी अधिकतम information यूक्त समाजको विकास गर्ने ।

१४) सिद्धार्थ राजमार्गलाई Four Lane को रुपमा सडक विस्तार गर्न सम्बन्धित निकायमा पहल गर्ने ।

**निर्णय नं. २२**

स्मार्ट सिटीको सम्बन्धमा घर सर्भे भएकोमा यस कार्यक्रमलाई बढि तिब्रताका साथ कार्यक्रमहरु संचालन स्माट सिटी सम्बन्धि नगरको पूर्वाधार विकासका लागी माग गर्ने निर्णय गरियो । साथै सो सम्बन्धि कार्यहरु गर्न पर्ने भए सो गर्न नगरपालिका वोडलाई अधिकार प्रत्यायोजन गर्ने निर्णय गरियो ।

**निर्णय नं. २३**

वालिङ नगरपालिका स्थित स्याङजा जिल्लाको पहिलो क्याम्पस वालिङ बहुमुखी क्याम्पसलाई आङ्गीक क्याम्पसको रुपमा स्वीकृत गर्न त्रि.वि.तथा सम्बन्धित निकायमा अनुरोध गर्ने निर्णय गरियो ।

**निर्णय नं. २४**

वालिङ बहुमुखी क्याम्पसमा प्राविधिक शिक्षा विषय संचालन गर्न पूर्वाधार विकास तथा निर्माण गर्न (भवन निर्माण, फर्निचर, पूस्ताकालय) सम्बन्धित निकाय, सांसद विकास कोष, जिल्ला विकास समितिमा योजना माग तथा रकम माग गर्न अनुरोध गर्ने निर्णय गरियो ।

**निर्णय नं. २५**

वालिङ खेलमैदानलाई रङ्गशालाको रुपमा निर्माण गर्न श्री संघीय मामीला तथा स्थानीय विकास मन्त्रालय मार्फत युवा तथा खेलकुद मन्त्रालय र अन्य सरोकारवाला, दातृनिकाय, सम्बन्धित निकायमा मागको लागि अनुरोध गर्ने निर्णय गरियो ।

**निर्णय नं. २६**

वालिङ नगरपालिकाको व्यवस्थित वसर्पाक निर्माणका लागी वालिङ नगरपालिका वडा नं. ३ र ५ मिर्दि बजार खरिवोट मुनीको २०-१०-३-२ को जग्गामा वसपार्क निर्माणको लागी प्रारम्भ भएकोमा यस वसपार्कको निर्माण कार्य सम्पन्न गराउन तथा व्यवीथत वसपार्कका लागी सम्बन्धित निकायमा आयोजना माग गर्ने निर्णय गरेको साथै आवश्यक अन्य कार्यहरु गर्न नगरपालिका वोर्डलार्य अधिकार प्रत्यायोजन गर्ने निर्णय गरियो ।

**निर्णय नं. २७**

वालिङ नगरपालिकाको फोहर व्यवस्थापनलाई नमुनाको रुपमा बनाउन नगरपालिकाले अगाडी वढाएको प्रकृया, निर्माण गरएिका पूर्वाधार विकासलाई अनुमोदन गर्दै थप पूर्वाधार सहित वालिङ क्षेत्र पूर्ण सरसफाई युक्त नगर घोषित गर्नु पर्ने अन्य कार्यहरु विच योजनाहरु प्रस्ताव गरि सम्बन्धित निकाय, संघिय मामिला तथा स्थानीय विकास मन्त्रालय, शहरी विकास मन्त्रालयमा लेखि पठाउन र कार्य अगाडी बढाउन नगरपालिका वोर्ड लाई अधिकार दिने निर्णय गरियो ।

**निर्णय नं. २८**

वालिङ नगरपालिका वडा नं. २ मा रहेको सडक कार्यालयको जग्गा र वालिङ नगरपालिका वडा नं. १ मा रहेको नेपाल खाद्य, कृषि सामाग्री संस्थानको जग्गा यस नगरपालिकाको नाउमा स्वामित्व हस्तान्त्रण गर्न सम्बन्धित निकायमा अनुरोध गर्ने निर्णय गरियो । साथै उक्त जग्गा प्राप्ती सम्बधी थप कार्य गर्नु पर्ने भए नगरपालिका वोर्डलाई अधिकार दिने निर्णय गरियो ।

**निर्णय नं. २९**

वालिङ नगरपालिका भित्र व्यवस्थित पशुवधशाला निर्माण गर्नका लागि जग्गा पहिचान गरी व्यवस्थित पशुवधशाला निर्माणका लागि कृषि मन्त्रालय र अन्य सम्बन्धित निकायमा जिल्ला पशु विकास कार्यालय मार्फत माग गर्ने र व्यवस्थित वधशाला निर्माण नहुदा सम्म वालिङ मासु व्यवसायी संघ वालिङ र पशुकेन्द्र वालिङसंग समन्वय गरि पशुवधशाला व्यवस्थापन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३०**

यस नगरपालिका भित्र विभिन्न बजारहरुलाई केन्द्रबनाएर साप्ताहिक रुपमा हाटबजार साझेदारी कार्यक्रम गर्न आवश्यक व्यवस्था मिलाउन नगरपालिका वोर्डलाई अधिकार प्रत्यायोजन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३१**

व्यवस्थित शहरी विकासका लागि स्थानीय जनताहरुको मागको आधारमा एकिकृत जग्गा विकास कार्यक्रमका लागी शहरी विकास तथा भवन निर्माण विभागमा अनुरोध गर्नुका साथै नीजिस्तरबाट समेत जग्गा विकास कार्यक्रम संचालन गर्न सम्बन्धित निकायमा अनुरोध गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३२**

वालिङ नगरपालिकाले निर्माण गरेका कालोपत्रे सडक, ग्राभेल र कच्ची सडकहरुको नामाकरण गरि उक्त सडकहरुमा पर्ने जग्गाको लगत कट्टा गर्न मालपोत तथा नापी कार्यालयसंग समन्वय गरी कार्यान्वयन गर्न नगरपालिका वोर्डलाई अधिकार प्रत्यायोजन गर्ने निर्णय गरियो

**निर्णय नं. ३३**

यस वालिङ नगरपालिकाको आन्तरीक स्रोत तर्फ एकीकृत सम्पत्तिकर प्राप्त हुने राजश्व रकम सम्बन्धित वडाका भौतिक पूर्वाधार निर्माणमा ६० प्रतिशतका दरले खर्च गर्ने कार्यलाई निरन्तरता दिने निर्णय गरियो ।

**निर्णय नं.** ३४

स्थानीय निकाय स्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि २०६९ बमोजिम वडा स्तरीय (वडा स्तरीय कार्यक्रम) अनुसूची ४ हरुलाई आ.व. २०७३/०७४ मा संचालन गर्न एकीकृत योजना तर्जुमा समितिको सिफारिस तथा नगरपालिका वोर्ड बाट पेश भए बमोजिमको योजना तथा कार्यक्रम र बजेट स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं.** ३५

स्थानीय निकाय स्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि २०६९को बुदा १० बमोजिम यस नगरपालिकामा आ.व. २०७४/०७५ मा प्राप्त हुने निर्शत अनुदान तथा राजश्व वाडफाड सहितको बजेटमा समपुरक कोष छुट्याई बांकी रहेको बजेटबाट कुल बजेटबाट महिला १० प्रतिशत, वालबालिका १० प्रतिशत र सबै जातजाती पिछडीएको वर्ग तथा समुदायीलाई प्रत्यक्ष फाईदा पुग्ने वर्गलाई १५ प्रतिशत समतेको बजेट बाट कार्यविधि अनुसार लक्षीत तर्फ महिलाहरुको जिवनस्तर बृद्धि गराउने उद्देश्यबाट संचालन हुने आयोजना तथा कार्यक्रमहरु कुल विनियोजन मध्ये पूर्वाधारमा ७० प्रतिशत सामाजीक क्षमता विकासमा १५ प्रतिशत आर्थिक/सिप विकासमा ७.५ प्रतिशत र संस्थागत विकासमा ७.५ प्रतिशत त्यसै गरी बालबालिकाहरुको लागी प्रत्यक्ष फाईदा पुग्ने किसिमका आयोजना तथा कार्यक्रम पूर्वाधार विकासमा ७० प्रतिशत, समाजिक/ क्षमता विकास १५ प्रतिशत आर्थिक सिप विकासमा १५ प्रतिशत र सबै जातजाती पिछडा वर्ग दलित जेष्ठ नागरीकालाई प्रत्यक्ष फाईदापुग्ने किसिमका आयोजना तथा कार्यक्रमहरु तर्फ पूर्वाधार विकासमा ७४ प्रतिशत, सामाजिक/ क्षमता विकासमा ११ प्रतिशत, आर्थिक/सिप विकासमा ७.५ प्रतिशत र संस्थागत विकासमा ७.५ प्रतिशत अनुसारको लक्षित कार्यक्रममा बजेट विनियोजन गरी स्वीकृतीका लागी एकीकृत

योजना तर्जुमा समितिको सिफारिस र नगरपालिका वोर्डबाट पेश भए बमोजिमका योजना तथा कार्यक्रम एवं बजेट पारित गर्ने निर्णय गरियो (सनुसूची ३ संलग्न छ)

**निर्णय नं.** ३६

यस नगरपालिकाबाट औद्योगीक क्षेत्र स्थापना साथै वाणिज्य तथा व्यापारीक आय मुलक प्रयोजनका लागी जग्गा प्राप्ती हुने गरी नगरपालिकाले जग्गा खरिद प्रकृया अगाडी बढाउन नगरपालिका वोर्डलाई अधिकार प्रत्यायोजन गर्ने निर्णय गरियो ।

**निर्णय नं.** ३७

स्थानीय निकाय स्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि २०६९ बमोजिम नगरपालिकाबाट समपुरक कोष शिर्षकमा रु.६१,५३,२२२।० रकम विनियोजन गर्ने सम्बन्धमा एकीकृत योजना तर्जुमा समिति र नगरपालिका वोर्ड बाट पेश भई सो सम्बन्धमा पेश भए बमोजिमको रकम जग्गा पाप्तीकोका लागि जग्गा खरिद गर्न समपुरक कोष वापतको रकम रु. ६१५३२२२।० विनियोजन गरी पारित गरीयो ।

**निर्णय नं.** ३८

स्थानीय निकाय स्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि २०६९ बमोजिम र नगरपालिकामा प्राप्त हुने शर्शत अनुदान ठूला पूर्वाधार शिर्षकमा प्राप्त अनुदान १ करोड र साथै लागत सहभागीता सहितको रकमबाट अनुसूची ४ मा उल्लेखीत योजनाहरु संचालन गर्न एकीकृत योजना तर्जुमा समितिको सिफारिस र नगरपालिका वोर्डबाट पेश भए बमोजिम आ.व.२०७४/०७५ का लागी पूर्वाधार योजना स्वीकृत गर्ने निर्णय गरियो । (अनुसूची ४ संलग्न छ)

**निर्णय नं.** ३९

स्थानीय निकाय स्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि २०६९ बमोजिम र नगरक्षेत्र पूर्वाधार विकास कार्यक्रम संचालन कार्यविधि २०७३ बमोजिम शर्शत नगरक्षेत्र पूर्वाधार शिर्षकमा प्राप्त भएको अनुदान १ करोड ३२ लाख ४४ हजार र समपुरक कोष राजश्व वाडंफाड शिर्षकको रु.६१,५३,२२२।० निर्शत अनुदान मध्येको रकम ६६४५८००।० समेतबाट औद्योगीक क्षेत्र स्थापना र वाणिज्य तथा व्यापारीक आय मुलक प्रयोजनका लागी नगरपालिकाको नाउमा जग्गा प्राप्ती हुने गरी जग्गा खरिद गर्न एकीकृत योजना तर्जुमा समितिको सिफासिर र नगरपालिका वोर्डबाट पेश भए बमोजिम आ.व. २०७४/०७५ का लागि रु.२,६०,४३,०२२।० बजेट सहित जग्गा खरिद आयोजना पारित गरियो साथै २०७४ कार्तिक मसान्त भित्र जग्गा प्राप्ती प्रकृया अगाडी बढन नसकेको खण्डमा उक्त बजेटबाट थप आयोजना तथा कार्यक्रम स्वीकृत गरी संचालन गर्न नगरपालिका वोर्डलाई अधिकार प्रत्यायोजन गर्ने निर्णय गरियो ।

**निर्णय नं.** ४०

सडक वोर्ड नेपालबाट प्राप्त हुने अनुमानित अनुदान र उपभोक्ताको लागत सहभागीताबाट अनुसूची ५ मा लेखिएका योजनाहरु आ.व. २०७४/०७५ का संचालन गर्न एकीकृत योजना

तर्जुमा समितिको सिफारिस र नगरपालिका वोर्डबाट पेश भए बमोजिम रु.६७ लाख बजेट तथा पूर्वाधार योजना पारित गरियो । (अनुसूची ५ संलग्न छ)

**निर्णय नं.** ४१

स्थानीय निकाय स्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि २०६९ बमोजिम प्राप्त निर्शत अनुदानबाट अनुसूची ६ मा लेखीएका योजना तथा कार्यक्रमहरु आ.व. २०७४/०७५ मा संचालन गर्न एकीकृत योजना तर्जुमा समितिको सिफारिस र नगरपालिका वोर्डबाट पेश भए बमोजिम बजेट योजना कार्यक्रमलाई पारित गरियो ।

**निर्णय नं.** ४२

यस वालिङ नगरपालिकाद्धारा निर्माण गरिएका तपसिल बमोजिमका सडकहरुमा मोटरेवल पूल निर्माणका लागी सम्बन्धित निकायमा माग गर्ने निर्णय गरियो ।

क) वालिङ ९ थुमपोखरा जोडने सडक अर्न्तगत बायखोलामा ।

ख) वालिङ ५ एक्लेपीपल धनुवास जोडने सडक अर्न्तगत मिर्दि खोलामा ।

ग) वालिङ ८ बगुवा र वालिङ ११ अमले जोडने आधिखोलामा ।

ग) वालिङ १० मान्खुखोला मोटरेवल पुल निर्माण योजना ,

**निर्णय नं.** ४३

वालिङ नगरपालिकाको सरसफाई केन्द्र संचालीत श्री पूर्णामृत उच्च मा.वि.को वालिङ ८ मजुवा स्थित करिब ३३ रोजनी जग्गा नगरपालिकाले लिजमा लिने निर्णय गरि त्यस स्थानमा सरसफाई केन्द्र तोकी दिदि बहिनी एंव समाज उत्थान संस्था संग भएको सम्झौता बमोजिम गरिएको कार्यलाई अनुमोदन गरी सरसफाई एंवम वातावरण संरक्षणका लागी गरिने अन्य कार्य अगाडी बढाउन नगरपालिका वोर्डलाई अधिकार दिने निर्णय गरियो ।

**निर्णय नं.** ४४

वालिङ नगरपालिकाद्धारा निर्माण गरिएका तपसिल बमोजिमका सडकहरुलाई जिल्ला स्तरीय कृषि सडक वा केन्द्रिय स्तरीय ग्रामिण कृषि सडकमा समावेश गरी केन्द्रीयस्तर तथा जिल्ला स्तर अनुदानबाट स्तरबृद्धि गराउन जिल्ला विकास समिति तथा केन्द्रमा जि.वि.स. माफर्त माग गर्ने निर्णय गरियो ।

क) भुम्रे दाङसे कालिकाकोट हुदै पर्वत जोडने सडक ।

ख) वालिङ ९ अर्चलेवोट (डुडखोला) हुदै थुमपोखरा सिमान सम्मको सडक (पर्वत जोडने सडक)

ग) आमडाली रसखोला हुदै केवरे चापाकोट जोड्ने सडक ।

घ) त्रियासी दभुहुदै बानेथोक देउराली मनकामना सडक ।

ङ) सुर्केदी लखने कागती भज्याङ देउराली दाङसे, कालीकाकोट सडक ।

च) मिर्दि करमभज्याङ हुदै जगतभज्याङ आरुपाटा जोड्ने सडक ।

छ) सिमल चैपारी सिरुवारे माझकोट मनकामना हुदै विरुवा जोड्ने सडक ।

ज) भकुण्डे घ्वाङखोला हुदै काफलडाडा चापाकोट जोड्ने सडक ।

झ)    वालिङ ४ वगैचा देखी वोगटीडाडा हुदै चिथाक जोडने सडक

**निर्णय नं.** ४५

यस वालिङ नगरपालिका भित्र रहेका सामुदायिक विद्यालयहरुमा भवन निर्माण, लैङ्गीक मैत्री शौचालय, खानेपानी समेत निर्माण गर्न जिल्ला शिक्षा कार्यालय स्याङजा, जि.वि.स. र सम्बन्धित निकायहरुमा योजना माग गर्ने निर्णय गरियो ।

**निर्णय नं.** ४६

यस नगरपालिका क्षेत्रभित्र सबै वडाहरुलाई समेट्ने गरि चक्रपथ (Ring Road) निर्माण गर्नका लागि सम्बन्धित निकायमा माग गर्ने निर्णय गरियो ।

**निर्णय नं.** ४७

स्थानीय स्वायत्त शासन नियमावली २०५६ को नियम १३९ मा व्यवस्था भए बमोजिम आयोजनाको जाचपास सुपरिवेक्षण तथा अनुगमन समिति गठन गर्न नगरपालिका वोर्डलाई अधिकार प्रत्यायोजन गर्ने निर्णय गरियो । हाल सम्म गरेकालाई अनुमोदन गर्ने निर्णय गरियो ।

**निर्णय नं.** ४८

वडा भेला तथा वडा नागरिक मञ्चको सिफारिसमा समावेश नभएका तर प्रत्यक्षरुपमा सकरात्मक प्रभाव पार्ने खालका योजनाहरु माग भएमा त्यस्ता खालका योजनाहरु छनौट गरी संचालन गर्न तथा सम्बन्धित निकायमा योजना माग गर्न समेत नगरपालिका वोर्डलाई अधिकार प्रत्यायोजन गर्ने निर्णय गरियो ।

**निर्णय नं.** ४९

यस वालिङ नगरपालिका कार्यालयका कर्मचारीहरुमा उत्प्रेरणा (हौसला) उच्च मनोवल कायम गर्दै कार्यदक्षता बृद्धि गराउने उद्देश्यले विगत नगरपरिषद्बाट प्रोत्साहन स्वरुप र थप काम गरेवापत उपलब्ध गराईएको खाजा भत्ता तथा प्रोत्साहन भत्ता साविकमा उपलब्ध गराए बमोजिम नै यथावत उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं.** ५०

यस नगरपालिका र श्री संघीय मामीला तथा स्थानीय विकास मन्त्रालय विच भएको कार्य सम्पादन सम्झौता (अनूसुची १२) उल्लेखित विषयहरु कार्यान्वयन गर्न बांकी बुदाहरु आ.व. २०७४/०७५ मा कार्यान्वयन गर्न निरन्तरता दिनुको साथै थप कार्य गर्न आवश्यक व्यवस्थाका लागि न.पा.वोर्डलाई अधिकार प्रत्यायोजन गर्ने निर्णय गरियो ।

**निर्णय नं.** ५१

यस वालिङ नगरपालिका कार्यालयलाई छिट्टै जनमैत्री कार्यालय घोषणा गर्न आवश्यक पूर्वाधार एंव व्यवस्था गर्दै जाने र सो को लागि आवश्यक निर्णय गर्नु पर्दा नगरपालिका वोर्डलाई अधिकार दिने निर्णय गरियो ।

**निर्णय नं.** ५२

वालिङ नगरपालिका क्षेत्रभित्र उद्यान निर्माण स्थलहरुको पहिचान गरि जिल्ला वन कार्यालय स्याङजा र अन्य सरोकार निकायहरुसंग समन्वय र सहकार्यमा एक नगर, अनेक उद्यान

अभियानलाई सफल बनाउन कार्यक्रम अगाडी बढाउने निर्णय गरियो । साथै उल्लेखित कार्य गर्न आवश्यक प्रक्रिया पूरा गर्न न.पा.वोर्डलाई अधिकार दिने निर्णय गरियो ।

**निर्णय नं.** ५३

यस वालिङ नगरपालिका क्षेत्र भएर बग्ने आधिखोला, अर्मादीखोला, च्यादीखोला, वायखोला, मिर्दिखोला, पचादीखाला, गेदीखोला, मदीखोला समेतका खोलाहरुले जग्गा कटान गरि धेरै क्षती पुऱ्याएको हुदा उक्त खोलाहरु नियन्त्रण गरी जग्गा संरक्षण गर्न तटबन्धन को लागि सिंचाई मन्त्रालय/ जिल्ला भू-संरक्षण कार्यालय /जलउत्पन्न प्रकोप नियन्त्रण विभाग, सम्बन्धीत निकायमा अनुरोध गर्ने निर्णय गरियो ।

**निर्णय नं. ५४**

यस नगरपालिका कार्यालयको धारैटी खातामा जम्मा भएको धरौटी नियमानुसार सदरस्याहा गर्नु पर्ने भए गरि दिने र सदरस्याहा गरी सकेपछि पनि प्रमाण सहित माग गर्न आएमा प्रमाण उपयुक्त देखिएमा नगरपालिकाले फिर्ता दिन सक्ने निर्णय गरियो ।

**निर्णय नं. ५५**

स्कोर नेपाल प्रा.लि. काठमाण्डौंद्धारा तयार गरीएको यस नगरपालिकाको आ.व. २०७२/०७३ को सामाजीक परीक्षणको अन्तिम प्रतिवेदन यस नगरपरिषद्मा पेश भई छलफल हुदा सामाजीक परिक्षण प्रतिवेदन स्वीकृत गरि उक्त प्रतिवेदनमा उल्लेख भएका सुझावहरुलाई कार्यन्वयन गर्न न.पा. वोर्डलाई अधिकार प्रत्यायोजन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ५६**

सार्वजनीक निजी साझेदारीको सर्न्दभमा थप साझेदारीको क्षेत्र पहिचान गरि सार्वजनीक नीजी साझेदारीका कार्यक्रम आगडी बढाउन नगरपालिका वोर्डलाई आधिकार प्रत्यायोजन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ५७**

यस नगरपालिकाबाट निर्माण गरिएको सार्वजनीक शौचालय, नगरपालिकाको मातहतमा रहेको वालिङ गेष्टहाउस, फोहरमैला  व्यवस्थापन, वसपार्क, उद्यान पार्क, लगायतका आय मुलक तथा सेवा मुलक कार्यक्रम PPP को अवधारणा अनुसार गर्न न.पा. वोर्डलाई अधिकार प्रत्यायोजन गर्ने निर्णय गरियो ।

**निर्णय नं ५८**

सडक विभागको स्वामित्व र यस वालिङ नगरपालिकाले उपभोग गरी आएको वालिङ नगरपालिका वडा नं. २ स्थित गेष्टहाउसलाई नगरपालिकाको नाउमा स्वामित्व हस्तान्तरणका लागी सम्बन्धित निकायमा माग गर्ने निर्णय गरियो ।

**निर्णय नं. ५९**

यस नगरपालिकाको वर्षिक प्रगति समिक्षा, चौमासिक रुपमा गरीएका सार्वजनीक सुनुवाई कार्यक्रमहरुका प्रतिवेदनहरुको विषयमा छलफल हुदा प्रतिवेदनहरु अनुमोदन गरि प्राप्त

सुझावहरुलाई कार्यान्वयन गर्दै जान नगरपालिका वोर्डलाई अधिकार प्रत्यायोजन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ६०**

जिल्ला शिक्षा कार्यालय स्याङजासंग समन्वय गरेर यस नगरपालिका स्थित सामुदायीक विद्यालयहरुको शिक्षामा गुणस्तरका साथै राम्रो काम गर्ने विद्यालयहरुलाई कार्यविधि बनाई पुरस्कृत गर्न एक नगरस्तरीय शिक्षा समिति गठन गर्न नगरपालिका वोर्डलाई अधिकार प्रत्यायोजन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ६१**

अन्य नगरपालिकाहरुमा लागु भए जस्तै गरी यस नगरपालिकामा पनि EmergingTown Project अर्न्तगत आयोजना तथा कार्यक्रम संचालन गर्नका लागि श्री संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयमा अनुरोध गर्ने निर्णय गरियो ।

**निर्णय नं. ६२**

वालिङ नगरपालिकाद्धारा निर्माण गरिएका तपसिल बमोजिमका सडकहरुलाई जिल्ला स्तरीय कृषि सडक वा केन्द्रिय स्तरीय ग्रामिण कृषि सडकमा समावेश गरी केन्द्रीय स्तर तथा जिल्ला स्तर अनुदानबाट स्तरबृद्धि  गराउन जिल्ला विकास समिति तथा केन्द्रमा जि.वि.स. माफर्त माग गर्ने निर्णय गरियो ।

१) त्रियासी भर्लाखोला थुनेली खोल्सा धौखोला कच्ची सडक नाला तथा पिच ।

२) भर्लाखोला रानाखोला लोहडाडा त्रियासी भित्री बजार बृहत खानेपानी योजना ।

३) भकुण्डे तोसेडाडा हुदै चियानडाडा सम्म सडक निर्माण ।

४) बाहुनथान, घ्वाङखोला वालिङ २ हुदै पर्यटकीय सडक सुधार विस्तार गर्न सम्बन्धीत निकाय तथा केन्द्रमा माग गर्ने निर्णय गरियो ।

**निर्णय नं. ६३**

यस वालिङ नगरपालिकाको लिलाम गर्न पर्ने सवारी साधन तथा अन्य सामाग्री, फर्निचर लिलाम प्रकृयाद्धारा बिक्री गर्न र साथै भारत सरकारको सहयोगमा यस वालिङ नगरपालिकालाई २०५९ सालमा प्राप्त भएको एम्बुलेन्स गह्रौघ्याङलिङ द्धारा संचालन भएकोमा हाल उक्त एम्बुलेन्स जिर्ण अवस्थामा रही मर्मत संभार गरेर पनि संचालन हुन नसक्ने देखीएकोले भारतीय राजतुतावासबाट सहमती लिएर यस एम्बुलेन्स समेत लिलाम प्रकृिया बाट विक्रि गर्न नगरपालिका वोर्डलाई अधिकार प्रत्यायोजन गर्ने निर्णय गरियो । साथै एम्बुलेन्सलाई नियमानुसार विक्रि गर्न नमिल्ने भएमा सवबहानको रुपमा संचालन गर्न नगरपालिका वोर्डलाई अधिकार प्रत्यायोजन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ६४**

यस वालिङ नगरपालिका वडा नं. ५ मा निर्माणधिन अवस्थाको शहरी स्वास्थ्य क्लिनिकको भवनको निर्माण कार्य सम्पन्न गराउन सम्बन्धित निकायमा अनुदान रकम माग गर्ने निर्णय गरियो ।

**निर्णय नं. ६५**

वालिङ नगरपालिकाको पहिचानको रुपमा रहेको धार्मिक तथा पर्यटकीय क्षेत्र गह्रौसुरको समुचित विकासका लागि सम्बन्धित निकायमा योजना तथा कार्यक्रम माग गर्ने निर्णय गरियो ।

**निर्णय नं.६६**

यस नगरपालिका स्थित नगरपालिका बाट संचालन भएका योजनाहरुको उत्कृष्ट काम गर्ने उपभोक्ता समितिलाई पुरस्कृत गर्ने कार्य विधि बनाउन वोर्डलाई अधिकार दिदै पुरस्कृत कार्यलाई निरन्तरता दिने  निर्णय गरियो ।

**निर्णय नं.६७**

यस नगरपालिकामा व्यवसाय कर र एकिकृत सम्पत्तिकर बढी तिर्ने करदातालाई छुट्टा छुट्टै सम्मान गर्ने कार्यलाई निरन्तरता दिने निर्णय गरियो ।

**निर्णय नं. ६८**

सबै वडाको वडा नागरीक मञ्च र वडा भेलाबाट सिफारिस भएका एकीकृत योजना तर्जुमा समिति तथा नगरपालिका वोर्डबाट पेश भएका आयोजनाहरु यस नगरपालिकाको आय श्रोतलाई मध्यजनर राखी नगरपालिकाको श्रोतबाट कार्यान्वयन गर्न सक्ने नगरपालिका बाट र स्रोतले नभ्याउने आयोजनाहरु सम्बन्धित निकायमा पेश गर्न (माग गर्न) नगरपालिका वोर्डलाई अधिकार प्रत्यायोजन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ६९**

नगरविकास कोष TDF नयां वानेश्वर काठमाण्डौंबाट भौतिक पूर्वाधार विकास निर्माणका लागि अनुदान / ऋण र नगरपालिकाको लागत सहभागीता सहीतको रकमबाट क्रमागत रुपमा आ.व. २०७३/०७४ मा वालिङ नगरपालिका वडा नं. १ स्थित श्री भुम्रे मा.वि. भवन निर्माण योजना रहेकोमा सोही योजना आ.व. २०७३/०७४ मा संचालन तथा भवन निर्माण हुन सकेको खण्डमा आ.व. २०७४/०७५ को लागी योजना छनौट गरी पठाउन नगरपालिका वोर्डलाई अधिकार प्रत्यायोजन गर्ने निर्णय गरियो । साथै आ.व.२०७३/०७४ मा श्री भुम्रे मा.वि. भवन निर्माण योजना संझौता हुन नसकेको खण्डमा आ.व. २०७४/०७५ को प्राथमिकताको क्रममा पहिलो भई निर्माण गर्ने निर्णय गरियो ।

**निर्णय नं. ७०**

नगरपालिकाको अनुदान र उपभोक्ताहरुको लागत सहभागितामा संचालन हुने कुनै पनि योजनाहरुको उठन पर्ने वा जुट्नपर्ने लागत सहभागिता नबुझाउने उपभोक्तालाई सम्बन्धित उपभोक्ता समितिबाट सेवा सुविधा रोक्का गर्न र नगरपालिकामा सिफारिस भई आएमा सोही उपभोक्ता समितिबाट फुकुवा नआउदा सम्म नगरपालिकाबाट उपभोक्ताको सेवा सुविधा रोक्का राख्ने निर्णय गरियो ।

**निर्णय नं. ७१**

बस्ती विकास शहरी योजना तथा भवन निर्माण सम्बन्धी आधारभुत मापदण्ड २०७२, वालिङ नगरपालिकाको भवन तथा योजना मापदण्ड पहिलो संशोधन विनियमावलि २०७२ लागु भई

आएको सम्बन्धमा ऐन नियम तथा नेपाल सरकारद्धारा लागु गरीएका मापदण्डमा नवाफिने गरी समय  सान्दर्भीक रुपमा विनियम संशोधन तथा परिमार्जन गर्न परेमा नगरपालिका वोर्डलाई अधिकार प्रत्यायोजन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ७२**

आन्तरीक राजश्व अर्न्तगत एकीकृत सम्पत्तीकरको उठने रकम मध्येबाट ६० प्रतिशत सम्बन्धित वडाको पूर्वाधार विकास निर्माणमा खर्च गर्ने गरि विगतको परिषद्‌बाट नीतिगत निर्णय भए अनुसार आ.व. २०७३/०७४ मा संचालन गर्न एकीकृत योजना तर्जुमा समितिको सिफारिस तथा वोर्डबाट पेश भए बमोजिमका योजना कार्यक्रम संचालन गर्न बजेट र योजना स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं. ७३**

वालिङ नगरपालिकाको सिमित स्रोत साधनका वावजुद यस कार्यक्रममा समावेश भएका योजना वाहेक वडा-वडा बाट सिफारिस भै आएका प्राथमिकतामा परेका योजनाहरुलाई इलाका स्तरीय योजना तर्जुमा मार्फत जि.वि.स. स्याङजा एंव विषयगत कार्यालयहरुमा योजना छनौट एंव संचालनको लागी माग गर्ने निर्णय गरियो । साथै ति योजनाहरु क्रमश सिफारिस गर्दै जान नगरपालिका वोर्डलाई अधिकार प्रत्यायोजन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ७४**

यस नगरपालिकामा प्राविधिक जनशक्ति न्यूनहुन गई घर नक्सा पास, चार किल्ला प्रमाणित, घरबाटो प्रमाणित जस्ता काममा बाधा पुग्न गएको कारण नगरवासीमा असुविधा पुगेकोले एक जना अमीन प्राविधिक सेवा करारमा नियुक्ति गर्न पेश भएको विषयमा छलफल हुदा यस नगरपालिकाको स्वीकृत दरबन्दी भित्र रही सेवा करारमा नियुक्ति गर्न नगरपालिका वोर्डलाई अधिकार प्रत्यायोजन गर्ने निर्णय गरियो ।